मिति :-२०८०/०७/१९ का.पा. बैठक सं ७/०८०/८१

प्रस्तावहरु:-

१. शोक प्रस्ताव पारित सम्बन्धमा ।

२. राहत सहयोग सम्बन्धमा ।

३. मेला संचालनका लागि वजेट व्यवस्थापन सम्बन्धमा ।

४. विविध ।

निर्णयहरु:-

१. <u>शोक प्रस्ताव पारित सम्बन्धमा</u> ।

मिति २०८०/०७/१७ गते कर्णाली प्रदेश अन्तर्गत जाजरकोटलाई केन्द्रविन्दु बनाएर रातको ११:४७ बजे गएको ६.४ म्यागिनिटयुडको भूकम्पबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै भूकम्पमा परि ज्यान गुमाउने सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने।

२. <u>राहत सहयोग सम्बन्धमा</u>।

मिति २०८०/०७/१७ गते कर्णाली प्रदेश अन्तर्गत जाजरकोटलाई केन्द्रविन्दु बनाएर रातको ११:४७ बजे ६.४ म्यागिनिटयूडको भूकम्प गई ठूलो जनधनको क्षति भएकाले सो विपत्तीको घडीमा भूकम्प पिडितहरुलाई प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु. ३,००,०००/- (अक्षयरुपी तीन लाख मात्र ) बराबरको चामल, व्याङकेट र म्याटेस/ पि फर्म जिल्ला प्रशासन कार्यालय, रुपन्देहीसँग समन्वय गरी राहत सहयोग गर्ने ।

३. <u>मेला सञ्चालनका लागि वजेट व्यवस्थापन सम्बन्धमा</u>।

क. यस गाउँपालिकाको वडा नं. ५ स्थित ओमसतिया सतियामाई मन्दिरमा प्रत्येक वर्ष कार्त्तिकको ठूलो एकादशी देखि पूर्णिमा सम्म लाग्ने मेलामा नेपालका विभिन्न जिल्ला तथा छिमेकी मित्रराष्ट्र भारतबाट समेत लाखौंको संख्यामा भक्तजनहरु दर्शन गर्न र कार्यक्रम अवलोकन गर्न आउने तथा उक्त मेलामा विभिन्न सांगितिक कार्यक्रम, रामलिला प्रदर्शन, कुस्ती खेल संचालन, भण्डारा व्यवस्थापन लगायतका कार्यहरुमा ठूलो वजेट खर्च हुने हुदाँ मेला सञ्चालनका लागि रु.४,००,०००/- (अक्षयरुपी चार लाख मात्र) हिउँदे गाउँसभामा वजेट सुनिश्चित गर्ने गरी उपलब्ध गराउने ।

ख. ओमसतिया गाउँपालिका वडा नं. ३ स्थित रामसीता विवाह महोत्सव सञ्चालनको लागि हिउँदे गाउँसभामा वजेट सुनिश्चित गर्ने गरी रु. १,००,०००/- (अक्षयरुपी एक लाख मात्र) उपलब्ध गराउने ।

४. <u>विविध</u> :-

क. चालु आ.व.मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम ( शसर्त अनुदान) मा कृषि उपज तथा हाटबजार निर्माण कार्यक्रम/आयोजनाको लागि विनियोजित वजेट रु. २०,००,०००/-

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

विपिन क्षेत्री
... प्रशासकीय अधिकृत

मिति :-२०८०/०७/१९ का.पा. बैठक सं ७/०८०/८१

(अक्षयरुपी बीस लाख मात्र) बाट सतियामाई मन्दिर परिसरमा कृषि बजारका लागि पूर्वाधार निर्माण गर्ने ।

ख. ओमसतिया गाउँपालिका वडा नं.-५ स्थित सतियामाई मन्दिरमा धारा जडानका लागि हिउँदे गाउँसभामा वजेट सुनिश्चित गर्ने गरी रु. १,००,०००/- (अक्षयरुपी एक लाख मात्र) उपलब्ध गराउने ।

ग. आ.व. २०८०/८१ का लागि प्रदेश सरकारबाट विनियोजित दशरत जनता मा.वि. भवन निर्माण, ओमसतिया ४ योजना सञ्चालनका लागि उक्त स्थानमा रहेको पुरानो भौतिक संरचना हटाई साइट किलिरियन्स गर्नका लागि आवश्यक वजेट हिउँदे गाउँसभामा वजेट सुनिश्चित गर्ने ।

विपिन खत्री
प्रमुख प्रशासकीय अधिकृत

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष